# मायादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पकडी, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल।

पत्र संख्या.:०७९।८०
चलानी नं.:

www.mayadevimunkapilvastu.gov.np
mayadevirm@gmail.com

## सेवा करारमा कर्मचारी लिने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशन मिति: २०७९।०५।१५**

प्रस्तुत विषयमा यस मायादेवी गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७९/०५/११ गतेको निर्णयानुसार यस पालिकामा संचालित नवप्रवर्तन साझेदारी कोष कार्यक्रमको लागि सेवा करारमा कर्मचारी पदपूर्ति गर्न आवश्यक भएको हुँदा निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले ७ (सात) दिन भित्र माग भए बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन पेश गर्नुहुनका लागि यो सूचना प्रकाशन गरिएको छ। म्याद नाघी दरखास्त प्राप्त हुन आएमा सो दरखास्त उपर कुनै कारवाही हुने छैन।

| विज्ञापन नं. | पद | तह | माग संख्या | आवेदन दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|
| २९/०७९/०८० | कार्यक्रम संयोजक | - | १(एक) जना | १०००/- | |
| ३०/०७९/०८० | स्वयंसेवक सामाजिक परिचालक | - | ३(तीन) जना | ७००/- | |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभव:**

क. कार्यक्रम संयोजक पदको लागि नेपाल सरकारद्वारा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक वा सो सरह उतीर्ण गरेको,

ख. स्वयम्सेवक सामाजिक परिचालक पदको लागि नेपाल सरकारद्वारा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उतीर्ण गरेको,

ग. आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको,

**२. उमेर हद:** दरखास्त दिने अन्तिम मितिमा पुरूषको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने।

**३. दरखास्त दिने स्थान:** मायादेवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय,पकडी,कपिलवस्तु।

**४. दरखास्त दिने अन्तिम मिति:** २०७९।०५।२१ गते, यदि उक्त दिन सार्वजनिक विदा परेको खण्डमा विदाको भोलिपल्ट कार्यालय समय भित्र।

**५. छनौटको किसिम:** मायादेवी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ बमोजिम हुनेछ।

**६. कार्य अवधि:** २०८० असार मसान्त सम्म मात्र हुनेछ।

**७. आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु:** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजतको प्रतिलिपिहरु

- नागरिकता
- कम्तीमा न्युनतम योग्यताको लब्धांक प्रमाण पत्र
- चारित्रिक प्रमाण पत्र
- तालिमको प्रमाण पत्र
- अनुभव भए सोको कागजात
- २ प्रति पासपोर्ट आकारको फोटो

**८. कर्मचारीको पारिश्रमिक:** कार्यक्रममा तोकिए बमोजिम हुनेछ।

**पुनश्च:** नेपाल सरकारको प्रचलित कानून बमोजिम नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको हुनुपर्ने,

**नोट:** आवेदनको ढाँचा यस गाउँपालिकाको वेवसाईट www.mayadevimunkapilvastu.gov.np मा गई डाउनलोड गर्न सकिन्छ।

२०७९।०५।१५
प्रमेश्वर यादव
**प्रमेश्वर यादव**
प्रमुख प्रशासकीय अधिकृत